कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत नेपाल

मा.मन्त्रीज्यू: ०८३-५२५६२२
सचिवज्यू: ०८३-५२२५२६
प्रशासन शाखा: ०८३-५२३०४५
फ्याक्स न.०८३-५२५७७५


पत्र संख्या: ०७८।०७९ (विपद् व्यवस्थापन शाखा )
च.नं.: २२४

मिति:२०७८।०७।११

विषय: राहत रकम सम्वन्धमा ।

कोभिड १९ संक्रमणबाट मृत्यु भएका मृतकका परिवारलाई राहत उपलब्ध गराउने सम्वन्धि कार्य यस मन्त्रालयबाट भइरहेकोमा कर्णाली प्रदेश विपद् व्यवस्थापन परिषद्को मिति २०७८।०७।०५ को बैठकबाट "वितरण गर्न बाँकी निवेदनसंग संलग्न कागजातमा देखिएका कैफियत उल्लेख गरी सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने, उक्त कागजात यकिन गरी रकम जिल्ला प्रशासन कार्यालयबाटै हकवालाको बैंक खातामा उपलब्ध गराउने र आन्तरिक मामिला तथा कानून मन्त्रालयले बजेट व्यवस्थापन गर्ने" भन्ने निर्णय बमोजिम कोभिड १९ को संक्रमणको कारण मृत्यु भएका परिवारका लागी **कोभिड १९ बाट मृत्यु भएका मृतकका परिवारलाई राहत वितरण सम्वन्धि कार्यविधि,२०७८** बमोजिम राहत मागको लागी मिति २०७८।०७।११ देखि देहाय बमोजिमका कागजात सहित सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा सम्पर्क राख्नहुन सम्वन्धित सवैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

देहाय :

(१) रकम दावीकर्ताको निवेदन,
(२) कोभिड १९ परीक्षणको पोजेटिभ रिपोर्टको सक्कलै प्रति
(३) मृतकसंगको हकवालाको नाता प्रमाणित,
(४) मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि,
(५) सम्वन्धित स्थानीय तहको सिफारिस सक्कल प्रति,
(६) राहत रकम दावीकर्ताको नागरिकताको प्रतिलिपि,
(७) रकम दावीकर्ताको खाता नम्वर प्रष्ट देखिने चेकको प्रतिलिपि ।

.......................................
(वीरेन्द्र बहादुर के.सी.)
उपसचिव(कानून)


Web : www.moial.karnali.gov.np
Mail : moialkarnali@gmail.com